**कोल्हवी नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**कोल्हवी, बारा**

**मधेश प्रदेश, नेपाल**

## इन्टरनेट सेवा जडान तथा सञ्चालन सम्बन्धी प्रस्ताव आह्वान सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०८३/०३/२६)*

यस कोल्हवी नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, अन्तर्गतका ११ वटा वडा कार्यालय, १४ वटा स्वास्थ्य चौकी तथा तोकिएका अन्य सम्बद्ध स्थानहरूमा उच्च गुणस्तरको इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्न आवश्यक भएकाले देहायका शर्त तथा प्राविधिक मापदण्डहरूको अधीनमा रही सेवा दिन इच्छुक इन्टरनेट सेवा प्रदायक हरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्रतिस्पर्धात्मक दरभाऊ प्रस्ताव आह्वान गरिन्छ।

## सेवा तथा प्राविधिक मापदण्ड

१. नगर कार्यपालिकाको कार्यालयमा न्यूनतम १० Mbps Dedicated Corporate Leased Line र वडा कार्यालय, स्वास्थ्य चौकी तथा अन्य सम्बद्ध स्थानहरूमा न्यूनतम १५० Mbps Optical Fiber Internet जडान गरी **सेवा स्तर सम्झौता (Service Level Agreement - SLA) मा उल्लेख भए अनुरूप निरन्तर रूपमा उच्चतम गुणस्तरको इन्टरनेट सेवा** उपलब्ध गराउनुपर्नेछ।

२. कार्यालयको आवश्यकता अनुसार इन्टरनेट Bandwidth वृद्धि वा कटौती गर्न सकिनेछ। सो अनुसार सेवा प्रदायकले अतिरिक्त शुल्क वा घटाइएको शुल्क सम्झौता तथा स्वीकृत दररेट अनुसार समायोजन गर्नुपर्नेछ।

३. सम्झौता सम्पन्न भएको मितिले अधिकतम ७ (सात) कार्यदिनभित्र सबै स्थानमा इन्टरनेट सेवा सञ्चालन गरिसक्नु पर्नेछ।

४. सेवाको भुक्तानी सम्झौतामा उल्लेख भए बमोजिम सेवा सन्तोषजनक रूपमा सञ्चालन भएको प्रमाणित भएपछि वार्षिक वा अर्धवार्षिक रूपमा गरिनेछ।

५. दरभाउ प्रस्तावसाथ कम्पनी दर्ता प्रमाणपत्र, नेपाल दूरसञ्चार प्राधिकरणबाट प्राप्त वैध ISP अनुमति (लाइसेन्स), PAN/VAT दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गर्ने म्याद थप भएको प्रमाण तथा कम्पनीको आधिकारिक हस्ताक्षर तथा छापसहितको दरभाउ प्रस्ताव पेस गर्नु पर्नेछ।

CamScanner

६. सम्झौता अवधिभर सेवा निरन्तर उपलब्ध गराउनु सेवा प्रदायकको दायित्व हुनेछ। कुनै कारणवश सेवा बन्द गर्नुपर्ने अवस्था आएमा कम्तीमा ३ (तीन) महिना अगावै लिखित रूपमा नगरपालिकालाई जानकारी गराउनु पर्नेछ।

७. सम्झौता अवधिमा नगरपालिकाले थप कार्यालय वा सेवा केन्द्रमा इन्टरनेट सेवा आवश्यक ठानेमा, सेवा प्रदायकले सोही दररेट तथा सम्झौताका शर्तअनुसार सेवा उपलब्ध गराउनुपर्नेछ।

८. नगरपालिकाले समय-समयमा प्राविधिक सूचकहरूको परीक्षण तथा अनुगमन गर्नेछ। सम्झौतामा उल्लेखित सेवा स्तर कायम गर्न नसकेमा नगरपालिकाले सम्झौताबमोजिम जरिवाना, भुक्तानी कटौती वा सम्झौता अन्त्यसमेत गर्न सक्नेछ।

**सम्पर्क**

कोल्हवी नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, कोल्हवी, बारा

इमेल:kolhvinagar2071@gmail.com, ito.kolhabimun@gmail.com

फोन: ९८५५०४९१८१

वेबसाइट: https://www.kolhabimun.gov.np

**प्रमुख प्रशासकीय अधिकृत**

**Kolhabi Municipality**
**The Office Of Kolhabi Municipality**
Kolhabi, Bara,
Madhesh Province, Nepal

**Project Name:** Supply of Internet Services

**Description of Goods:** Installation and service provide of internet services

## BILL OF QUANTITY (BOQ)

| SN | Description Of Works | Quantity | Unit | Rate (In Figure) | Rate (In Words) | Total Amount | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | 150 Mbps Optical Fiber Internet Services charge for Yearly Internet one connection at one place with complete installation | 1 | Connection | | | | ११ वटा वडा कार्यालय, १४ वटा स्वास्थ्य चौकी तथा अन्य सम्बद्ध स्थानहरूमा गरि आवश्यकता अनुसार जडान गर्नु पर्ने हुन्छ |
| 2 | 10 Mbps Dedicated Corporate Leased Line Services charge for Yearly Internet one connection at one place with complete installation | 1 | Connection | | | | |
| | | | | | **Total Amount** | | |
| | | | | | **VAT 13%** | | |
| | | | | | **Grand Total** | | |

Name of Company: ____________________

Address: ____________________